ओपन माईक नेपाल बुलेटिनको चौधौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरु, सञ्चार माध्यम एस्थानीय समूदायलाई सहि सूचना पु¥याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरु र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरुलाई उपलब्ध गराउनु हाम्रो ध्येय हो।

# सवाल



## छेकम्पार, चुम्चेत, बिही, प्रोक, ल्हो र सामागाउँ, गोरखा

"नून, तेल जस्ता उपभोग्य सामानको अभाव हुँदा नून तेल बिनाको तरकारी खान बाध्य भएका छौँ। पानीमा भल्काएर मात्र तरकारी खाएको एक महिना भयो।"

# जवाफ

गोरखाको उत्तरी भेगका गाउँहरुमा जाने घोरेटो बाटो भूकम्प र बर्षा याममा बिग्रिएकोले नुन र तेल लगायतका आधारभूत सामग्रीको अभाव भएको छ।

जिल्ला विकास समितिले गोरखा सम्वन्धित गाविसका सचिवहरुसँग छलफल गरी घोरेटो बाटो सञ्चालनमा ल्याउने प्रयास गरिरहेको छ।

विश्व खाद्य कार्यक्रमले खाद्य सुरक्षाका हिसाबले संवेदनशील मानिएका गाविसहरुमा चामल र दाल सहितको खाद्यान्न वितरण गरिरहेको छ।

खाद्यान्नको उक्त प्याकेजमा नुन र तेल भने संलग्न छैन। तर, गोरखाको खाद्य सुरक्षा उपसमितिको अर्को बैठकमा यसबारेमा छलफल हुने जानकारी दिइएको छ।

सुदिप जोशी
खाद्य सुरक्षा उपसमिति
गोरखा
९८४३१६४२९५

प्रेमराज गिरी
स्थानीय विकास अधिकारी
गोरखा
९८४६०५६४००

# सवाल



## थाक्रे, धादिङ

"सरकारले शुरुमा कि १५ हजार कि जसले दिएपनि दुई बन्डल जस्ता भनेको जस्तो लाग्छ। अहिले धेरै स्थानमा पैसा पनि जस्ता पनि विभिन्न संस्थाहरुले दिइरहेका छन्। हामीले चाहिँ १५ हजारले नपुगेर ऋण गरेर ल्यायौँ।"

## पांग्रेटार, सिन्धुपाल्चोक

"संघ संस्थाले गर्ने काममा एकरुपता छैन। अर्को गाउँमा जस्तापाता दिने संस्थाले हाम्रो गाउँमा नि दिए हुन्थ्यो नी।"

# जवाफ

भूकम्प प्रभावित समूदायको सहयोगका सन्दर्भमा सरकारले एकद्वार नीति लागु गरेको छ। राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाले काम गर्नुअघि जिल्ला दैविप्रकोप उद्दार समितिबाट स्वीकृति लिनुपर्ने हुन्छ।

काममा दोहोरोपना आउन नदिनका लागि जिल्ला दैवि प्रकोप उद्दार समितिले फरक गाविसको जिम्मा फरक फरक संस्थालाई दिएका छन्।

कुनै संस्थाले आफूले काम गरिरहेको बाहेकको गाविसमा काम गर्न चाहेमा त्यहाँको आवश्यकता अध्ययन गरी जिल्ला दैवि प्रकोप उद्दार समितिबाट आफूले गर्न चाहेको कामको स्वीकृति लिनुपर्छ।

राहतका कार्यको समन्वय र न्यूनतम मापदण्ड निर्धारण बिभिन्न उपसमितिहरुले गर्छन्। संघ संस्थाहरुको आफ्नो आन्तरिक मापदण्ड र स्रोतको उपलव्धताका आधारमा राहत सामग्री थप्न वा गुणस्तर बढाउन सक्छन्।

कुनै पनि संस्थाको काम प्रभावकारी नभएको, दोहोरोपन भएको वा ढिला सुस्ती भएको पाइएमा जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सकिन्छ।

बलभद्र गिरी
प्रमूख जिल्ला अधिकारी
सिन्धुपाल्चोक
९८५१२४७७७७

जनथन इक्लिस
जिल्ला सम्पर्क व्यक्ति
धादिङ
आवास उपसमिति
९८६०८८२५९७

# सवाल



## थाक्रे, धादिङ

"अबदेखि सडकभन्दा भित्र घर बनाउँदा पनि नक्सा पास गर्नु पर्छ भन्ने सुनिएको थियो। तर कोहि त सडक छेउ र बजार क्षेत्रमा पर्ने घरहरूको मात्र नक्सा पास गराउनुपर्छ भन्छन्। खास कुरा चाहिँ के रहेछ ?"

## थाक्रे, धादिङ

"ढलान घर नै बनाउन पर्छ नत्र अब आउने पैसा आउँदैन भन्ने हल्ला सुनिएको छ। ढलान घर धेरैले बनाउन सक्दैनन्। त्यसको बिकल्पमा गाउँघरका लागि उपयुक्त र गाउँघरकै स्रोतसाधन प्रयोग गरेर घर बनाउने विधि आइदिए हुन्थ्यो।"

## नाम्दु, दोलखा

"घर बनाउँ भने पनि सरकारले छुट्टै नक्सा बनाएको छ रे। त्यो नक्सा छिट्टै हामीले हेर्न पाए त्यस्तै बनाउन हुन्थ्यो तर पहिलेको जस्तो हाम्रो तरिकाले बनाउँदा पैसा पनि दिँदैन रे।"

# जवाफ

अब बनाउने घर नगरपालिका वा गाविस जहाँ बनाए पनि नक्सा पास गर्नुपर्छ। सडकभन्दा भित्र घर बनाउँदा पास नगर्नु पर्ने भन्ने होइन।

आफैँले अहिले घर बनाए पनि सरकारले सहयोग उपलब्ध गराउँछ। तर त्यसका लागि तपाईं सहयोग प्राप्त गर्न योग्य हुनु पर्छ र घर बनाउँदा सम्बन्धित निकायको स्वीकृति लिएर भूकम्प प्रतिरोधी घर बनाउनु पर्छ।

सरकारले उपलब्ध गराउने सहयोग प्राप्त गर्नका लागि सरकारले निर्माण गर्ने डिजाइन अनुसारकै घर बनाउनु पर्छ भन्ने छैन। इन्जीनियरिङ् काउन्सीलबाट मान्यता प्राप्त इन्जिनियरबाट घरको डिजाइन बनाउन सकिन्छ।

ढलान बाहेक ढुंगा माटो लगायत परम्परागत प्रविधिबाट पनि भूकम्प प्रतिरोधी घर बनाउन सकिन्छ। शहरी विकास मन्त्रालयले परम्परागत प्रविधिबाट बन्नसक्ने भूकम्प प्रतिरोधी घरको नमूना तयार गरिरहेको छ।

भूकम्प गएपछि सरकारले राष्ट्रिय भवन संहितामा परिमार्जन गरी काठमाडौं महानगरपालिका, उपमहानगरपालिकाहरू, नगरपालिकाहरू तथा गाविसहरूलाई यसको कडाईका साथ पालना गर्न निर्देशन दिएको छ।

सरकारको भवन सम्बन्धि नीति तथा भवन संहिताबारे थप जानकारी चाहिएमा गाविस वा नगरपालिकामा सम्पर्क राख्नुहोस्।

केशव राज पार्धे
नगरापालिका समन्वय महशाखा
संघीय मामिला तथा
स्थानीय विकास मन्त्रालय
०१-४२००२८३

बिन्दु श्रेष्ठ
इन्जिनियर
नेपाल इन्जिनियरिङ् एशोसियसन
९८५११८७९८९

# सवाल



## पिपलडाँडा, सिन्धुपाल्चोक

"यहाँका पिडितहरु आफनो बाँझो रहेको खेतवारीमा लगाउने बिउ नहुदा दु:खी बनेका छन्।"

## इर्खु, सिन्धुपाल्चोक

"अन्न पात थुपार्ने ठाउँ नभएर मकै कुहिसक्यो। अब धान आएपछि कहाँ राख्ने हो भन्ने चिन्ता छ।"

## झरुवारासी, ललितपूर

"बस्नका लागि टहरा भए पनि अब धान काट्ने बेला हुन लागेकाले धान कहाँ र कसरी राख्ने भन्ने समस्या छ।"

## खिजिफलाटे, ओखलढुंगा

"घर भत्किएर टहरामा बसेकाहरुलाई चिसोले खाद्यान्न र बिउ बिजन जोगाउन समस्या परेको छ।"

# जवाफ

विभिन्न संघ संस्थासँग समन्वय गरी सरकारले भूकम्प पिडित परिवारलाई बिउ बिजन बाँडिरहेको छ।

तपाईं आफ्नो जिल्लाको जिल्ला कृषि विकास कार्यालयमा सम्पर्क गरेर बिउ वितरणबारे जानकारी लिन सक्नुहुन्छ।

विश्व खाद्य कार्यक्रम र खाद्य तथा कृषि संगठन जस्ता संघ संस्थाले भूकम्प पिडित परिवारलाई बाली भण्डारण गर्न कसरी मद्दत गर्न सकिन्छ भन्ने बारेमा सरकारसँग समन्वय गरिरहेका छन्।

खाद्य उपसमितिले उपलब्धताका आधारमा त्रिपाल र जस्तापाता वितरण गर्ने प्रस्ताव राखेको छ।

बिउ तथा खाद्यान्न राख्नका लागि परिवारले सुपर ग्रेन व्याग खरिद गर्न पनि सक्छन्। प्रत्येक बोरामा ९० किलो धान राख्न मिल्ने यो बोरा महँगो पर्दैन।

स्थानीय रुपमा उपलब्ध हुने खर, छ्वाली, पूराना जस्तापाता, त्रिपाल जस्ता सामग्री प्रयोग गरेर पनि अन्नको सुरक्षित भण्डारण गर्न सकिन्छ।

सृजना उप्रेती
खाद्य सुरक्षा उपसमिति संयोजक
९८०१०८३५९२

बेदप्रसाद चौलागाईं
प्रमुख कृषि विकास अधिकृत
सिन्धुपाल्चोक
९८५१२००१२५

# सवाल



## माङ्खा, सिन्धुपाल्चोक

"अब वर्षा कम भएसँगै आफ्नो जमिनमा गएर बस्ने तयारीमा जुटेका छन्। तर आफ्नो जमिन सुरक्षित छ छैन भन्ने अन्योलमा छन्।"

# जवाफ

भूकम्प पछि प्रारम्भिक अध्ययनका आधारमा सरकारले जोखिमयुक्त बस्तीहरूको पहिचान गरी विवरण तयार पारेको छ। त्यसैगरी अस्थायी बसोबासका लागि बर्षाको समयमा आउन सक्ने बाढी, पहिरो जस्ता प्रकोपबाट सुरक्षित मानिएका स्थानहरूको पनि पहिचान गरेको छ। दुबै सूची जिल्ला प्रशासन कार्यालयमा पाइन्छ।

असुरक्षित मानिएका स्थान दिर्घकालिन बस्ती बसाउन योग्य हो वा होइन भन्ने कुराको निर्धारण खानी तथा भूगर्भ विभागले गर्नेछ। सो अध्ययनको कार्य तालिका तयार भएको छैन।

जमिन ठाउँठाउँमा चिरिएको, पहिरोले पुरिएको, पहिले घर रहेको स्थान बर्षाको समयमा केहि सरेको, रुख ढल्किएको जस्ता अवस्था देखिएमा उक्त ठाउँ बस्नका लागि सुरक्षित होइन। यस्ता जोखिमपूर्ण स्थानमा जुनै पनि बेला सुख्खा पहिरो जानसक्छ। पहिरो गएका ठाउँमा पहिरो पन्छाएर बसोबास गर्नु पनि राम्रो होइन।

पुरानो बस्तीमा फर्कनु अघि जमिनको अवस्था, आसपासका पहिरो, रुखको ढल्काई आदिमा ध्यान दिनुहोस्।

दिनेश कुमार नापित
बरिष्ठ भूगर्भविद्
खानी तथा भूगर्भ विभाग
९८४१६१७१३५

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। असोज ७ देखि १४ गते सम्म स्वयं सेवकहरूले १३ जिल्लाका करिव २२० जना स्थानीयबासी सँग कुराकानी गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab    Local Interventions Group data-driven development    Internews